नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाण्डौं


P.O. Box No. 213213
Tel : + 977-1-4211195, +977-1-4211197
Email : info@bipad.gov.np
Website: https://ndrrma.gov.np

# मनसुन २०८२ को ६० दिने अवस्था प्रतिवेदन

(२०८२ जेठ १५ - २०८२ साउन ११)

जेठ १५ गते (मे २९) नेपाल भित्रिएको मनसुन देशभर फैलिन करिब तीन साता लाग्यो। नेपाल भित्रिनासाथ सक्रिय रहेको मनसुन नेपालभर फैलिए लगतै केही समय निस्क्रिय रहयो। तत् पश्चात असारको दोस्रो साता केही सक्रिय रहे पनि त्यस यता भने देशैभरि सरदरभन्दा कम नै पानी परिरहेको अवस्था छ।

मनसुनजन्य विपद्का समग्र घटनालाई केलाउदा सो अवधिमा गत वर्षको तुलनामा यस वर्ष घटना पनि कम घटेका छन् भने मानवीय र भौतिक क्षति पनि कम नै रहेको देखिन्छ। असार २४ गते रसुवाको भोटेकोशी नदीमा अकस्मात आएको बाढीले ठूलो धनजनको क्षति गर्यो। वर्षा नै नभई रातको समयमा अकस्मात बाढी आएका कारण मानिसहरुले सुरक्षित ठाउँसम्म पुग्न समय नै पाएनन्।




श्रोत : जिल्ला प्रशासन कार्यालय, रसुवा

बाढीका कारण २० जना वेपत्ता भएकोमा १२ वटा शव तथा मानव अंग फेला पर्यो। जसमध्ये हालसम्म २ वटा शवको मात्र पहिचान भएको छ। वेपत्ता मध्ये २ जना सम्पर्कमा आईसकेका छन्। सोही बाढीका कारण नुवाकोटको विदुर नगरपालिका-९ इन्द्रेणीघाटमा फसेका एक दम्पतिको हेलिकोप्टरबाट उद्धार गरियो। नेपाल चीन सीमाभन्दा करिब ३५ किलोमिटर माथि तिब्बती क्षेत्रमा अवस्थित प्युरेपु हिमनदीमा रहेको सुप्राग्लेसियर तालबाट पानी निकास हुँदा ल्हेन्दे खोला (नेपाल तर्फको नाम भोटेकोशी) मा बाढी आएको थियो। बाढीले नेपाल चीन सीमा जोड्ने मितेरी पुल नै बगाएपछि चीन तर्फ अड्किएका नेपाली र विदेशी गरी १ सय ७७ जनाको हेलिकोप्टरबाट र १ हजार ४० जनाको स्थल मार्गबाट उद्धार गरिएको थियो। बाढीका कारण चीन तर्फ फसेका नेपालीहरु, व्यवसाय, पर्यटन, तथा रोजगारीका सिलसिलामा केरुङ गएका र नेपाल आउन इच्छुक रहेका २ सय ३ जना नेपाल सरकार र चीन सरकारको समन्वयमा सिन्धुपाल्चोकको तातोपानी नाका हुँदै नेपाल ल्याइयो।

यस वर्षको मनसुनमा पानी नै नपरेका कारण मधेश प्रदेश सबैभन्दा बढी प्रभावित रहयो। धान रोप्नु पर्ने र बालीनाली लगाउनु पर्ने बेलामा पानी नपर्दा मधेश प्रदेशको जनजीवन नराम्ररी प्रभावित भइरहेको छ। पिउने पानी र सिंचाइका स्रोतहरु समेत सुकेपछि मधेश सरकारले मधेश प्रदेशलाई असार २६ गते सुख्खाग्रस्त घोषणा गर्यो भने संघीय सरकारले साउन ८ गते विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्यो। यसै सन्दर्भमा प्राधिकरणले राष्ट्रसंघीय निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र रेडक्रसलाई आफ्ना कार्यक्रमहरु आवश्यकताअनुसार परिमार्जन गरी मधेश केन्द्रित गर्न अनुरोध गरिसकेको छ। अहिले स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको संयोजनमा विभिन्न संघ संस्थाहरुले पिउने पानी उपलब्ध गराइरहेका छन्। संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र विभिन्न संघ संस्थाहरुको सहकार्यमा दीर्घकालीन समाधानका लागि पिउने पानी र सिंचाइका संभाव्यता खोजी गर्ने काम भइरहेको छ ।

यसबीचमा प्रतिकार्य प्रभावकारी बनाउन प्राधिकरणले नेपाल मानवरहित विमान (ड्रोन) संघ (उडान) तथा नेपाल ड्रोन संघ, वायु सेवा सञ्चालक संघ नेपालसँग समझदारी पत्रमा हस्ताक्षर गरी उहाँहरुबाट निशुल्क सेवा लिन सकिने व्यवस्था गरेको छ।

यसैगरी प्राधिकरणको वेवसाइट, सामाजिक सञ्जालहरु फेसबुक, भाइबर, ट्वीटर, यूट्युवबाट सचेतनामूलक सामग्रीहरु सम्प्रेषण तथा रेडियो, टेलिभिजन, अनलाइन, पत्रपत्रिकालगायतबाट पनि

### यस वर्ष मनसुनको ६० दिनमा घटेका मनसुनजन्य विपद्का घटनाहरुबाट क्षति पुगेका सरकारी तथा निजी भौतिक संरचनाहरु

निजी घर क्षति
पूर्ण क्षति ४०
आंशिक क्षति ७२


विद्यालय
३


जलविद्युत आयोजना
३


पक्की ८
फलामे/वेली ब्रिज २
झोलुङ्गे पुल ३
काठे ६

### हाइलाइटः

- यो ६० दिनमा मनसुनजन्य विपद्का घटनाहरुबाट ४३ जनाको मृत्यु, १९ जना बेपत्ता ११६ जना घाइते। प्रत्यक्ष प्रभावित परिवार संख्या २११२
 ( गत वर्ष मनसुनको यही अवधिमा १७७ जनाको मृत्यु, ४१ वेपत्ता र १९४ जना घाइते। विपद् प्रत्यक्ष प्रभावित परिवार ३००६)








### मनसुनजन्य विपदका घटनाहरुका सम्बन्धमा सम्पन्न भएका प्रतिकार्यहरु

- रसुवा जिल्ला स्थित नेपाल चीन सिमामा रहेको भोटेकोशी नदीमा बाढी आई जोखिमयुक्त क्षेत्रमा फसेका १ जना चिनियाँ, ४ जना भारतीय र ५० जना नेपाली नागरिकहरु गरी ५५ जना मध्ये २७ जनालाई सुरक्षा निकायद्वारा संयुक्त रुपमा र २८ जनालाई नेपाली सेनाको हेलिकप्टरद्वारा तत्काल उद्धार गरिएको।
- बाढीले नेपाल चीन सीमामा रहेको मितेरी पुल बगाएपछि पारी चीनतर्फ नै अड्किएका १३१ विदेशी र ४६ जना नेपाली गरी १७७ जनालाई निजी हेलिकोप्टरबाट र १०४० जनालाई पैदल मार्गबाट सकुशल उद्धार गरिएको।
- नुवाकोट बिदुर न.पा.-९ इन्द्रेणीघाट स्थित खोलाको बीचमा रहेको सिसौंको रुखमा चढेर बसेका किस्पाङ गा.पा.-४ घर भई हाल बिदुर न.पा.-९ बस्ने पाल्तेन तामाङ र उनकी श्रीमतीको हेलकोप्टरद्वारा सकुशल उद्धार गरिएको।


## यस वर्ष मनसुनको ६० दिनमा घटेका मनसुनजन्य घटनाहरुको क्षति नक्सामा




| विपद् | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रत्यक्ष प्रभावित परिवार |
|---|---|---|---|---|---|
| बाढी | १३४ | १५ | १९ | ७ | ११५४ |
| पहिरो | २०० | १२ | ० | १२ | २८० |
| भारी वर्षा | ९३ | २ | ० | २ | ५१७ |
| चट्याङ | १४२ | १४ | ० | ९५ | १६१ |
| जम्मा | ५६९ | ४३ | १९ | ११६ | २११२ |

श्रोत : *https://bipadportal.gov.np/incidents*

## यस वर्ष मनसुनको ६० दिनमा घटेका अन्य घटनाहरुको क्षति नक्सामा





| विपद् | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रत्यक्ष प्रभावित परिवार |
|---|---|---|---|---|---|
| आगलागी | ४३६ | ४ | ० | ६७ | ५०० |
| जनावर आक्रमण | ८६ | ११ | ० | ३४ | १४४ |
| सर्पदंश | ६६ | ८ | ० | ६४ | ७३ |
| हावा-हुरी | ६२ | १ | ० | ७ | ९३ |
| लेक लाग्नु | १८ | ५ | ० | १४ | १५ |
| जङ्गल आगलागी | ७ | ० | ० | ० | १ |
| अन्य | १ | ० | ० | १ | १ |
| भूकम्प | १ | ० | ० | ० | ० |
| जम्मा | ६७७ | २९ | ० | १८७ | ८२७ |

श्रोत : *https://bipadportal.gov.np/incidents*


## बाढी, पहिरो, भारी वर्षा र चट्याङको गत वर्ष र यो वर्षको तुलना

(गत वर्ष २०८१ जेठ २८ - साउन २४ र यस वर्ष २०८२ जेठ १५ - साउन ११)


### बाढीबाट भएको क्षति





### भारी वर्षाबाट भएको क्षति




### पहिरोबाट भएको क्षति




### चट्याङबाट भएको क्षति




## प्रदेशगत मनसुनजन्य विपद्का घटना र क्षति



**सुदूरपश्चिम**

| | |
|---|---|
| घटना संख्या | ६३ |
| मृत्यु | ४ |
| वेपत्ता | ० |
| घाइते | ७ |
| प्रत्यक्ष प्रभावित परिवार | ३३५ |



**कर्णाली**

| | |
|---|---|
| घटना संख्या | ७५ |
| मृत्यु | ५ |
| वेपत्ता | १ |
| घाइते | २५ |
| प्रत्यक्ष प्रभावित परिवार | १३७ |



**लुम्बिनी**

| | |
|---|---|
| घटना संख्या | ७० |
| मृत्यु | ११ |
| वेपत्ता | ० |
| घाइते | १९ |
| प्रत्यक्ष प्रभावित परिवार | २३६ |



**गण्डकी**

| | |
|---|---|
| घटना संख्या | ६८ |
| मृत्यु | ५ |
| वेपत्ता | ० |
| घाइते | ८ |
| प्रत्यक्ष प्रभावित परिवार | ८८ |



**मधेश**

| | |
|---|---|
| घटना संख्या | ९ |
| मृत्यु | १ |
| वेपत्ता | १ |
| घाइते | १ |
| प्रत्यक्ष प्रभावित परिवार | ६ |



**बागमती**

| | |
|---|---|
| घटना संख्या | १३७ |
| मृत्यु | ११ |
| वेपत्ता | १७ |
| घाइते | ३२ |
| प्रत्यक्ष प्रभावित परिवार | ११४० |



**कोशी**

| | |
|---|---|
| घटना संख्या | १४७ |
| मृत्यु | ६ |
| वेपत्ता | ० |
| घाइते | २४ |
| प्रत्यक्ष प्रभावित परिवार | १७० |

**मनसुन सुरु भएको ६० दिन भित्रको मनसुनजन्य विपद्का घटनाको तुलना**

| वर्ष | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रत्यक्ष प्रभावित परिवार |
|---|---|---|---|---|---|
| गत वर्ष २०८१ जेठ २८-साउन २४ | १२१७ | १७७ | ४१ | १९४ | ३००६ |
| यस वर्ष २०८२ जेठ १५-साउन ११ | ५६९ | ४३ | १९ | ११६ | २११२ |


श्रोत : *https://bipadportal.gov.np/incidents*

## प्रदेशगत विपद्का घटना र क्षति (मनसुनजन्य सहित)

| प्रदेश | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रत्यक्ष प्रभावित परिवार |
|---|---|---|---|---|---|
| कोशी | ३०० | १३ | ० | ५० | ३६९ |
| मधेश | १५८ | ६ | १ | २० | १८५ |
| बागमती | २३१ | १६ | १७ | ६२ | १२३१ |
| गण्डकी | १०५ | १० | ० | २६ | १२८ |
| लुम्बिनी | १६२ | १३ | ० | ४५ | ३३२ |
| कर्णाली | १२८ | ८ | १ | ४३ | १९१ |
| सुदूरपश्चिम | १६२ | ६ | ० | ५७ | ५०३ |
| जम्मा | १२४६ | ७२ | १९ | ३०३ | २९३९ |


# मनसुन २०८२ वर्षा विवरणः

**यस वर्ष मनसुन आगमन भए देखिको ६० दिन (जेठ १५ देखि साउन ११ गते सम्म) मा मापन गरिएको वर्षाको नक्साः**





चित्र १- यस वर्ष मनसुन आगमन भएदेखिका ६० दिन (जेठ १५ देखि साउन ११ गते सम्म) मा मापन गरिएको वर्षाको नक्सा

यस अवधिको जम्मा वर्षाः ५६४.८ मि.मि.
यस अवधिको सरदर वर्षाः ७२६.१ मि.मि.
सरदर संगको वर्षाको तुलनाः ७७.८%




चित्र २- यस बर्ष मनसुन आगमन भएदेखिका ६० दिन (जेठ १५ देखि साउन ११ गते सम्म) मा २० वटा वर्षा मापन केन्द्रमा मापन गरिएको वर्षाको सरदर संगको तुलना




चित्र ३- यस बर्ष मनसुन आगमन भएदेखिका ६० दिन (जेठ १५ देखि साउन ११ गते सम्म) मा भएको वर्षाको सरदरसंगको तुलना (%)

श्रोत : जल तथा मौसम विज्ञान विभाग

# मनसुनजन्य विपदका केही तस्वीरहरु



मिति २०८२ असार २४ गते रसुवाको गोसाइकुण्ड गाउँपालिका-२ स्थित नेपाल चीन सीमामा रहेको मितेरी पुल बगाएपछिको अवस्था



मितिः २०८२ असार १६ गते कञ्चनपुरको डुबानमा फसेका मानिसहरुको उद्धार गर्दै सुरक्षाकर्मी



पर्वतको मोदी गा.पा.-३ नाङगदि स्थित एउटा घर अविरल वर्षाको कारण पहिरोले पुरिदा बेपत्ता भएका दम्पतिको खोजतलास गर्दै सुरक्षाकर्मी



डोल्पाको काईके गा.पा.-४ रिवामा पहिरोबाट पुरिएका घरहरुको लेदो पन्छाउदै सुरक्षाकर्मी




बाढी तथा डुबानबाट हुने क्षति न्यूनीकरणको लागि उपत्यका स्थित सामुदायिक सेवा केन्द्रका स्वयंसेवकहरुलाई पानीमा गरिने उद्धार सम्बन्धी तालिम दिदै नेपाल प्रहरी

## सम्बन्धित दस्तावेजहरु

- मनसुन पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२
  Link : *https://ndrrma.gov.np/np/plan/201*

## महत्वपूर्ण लिङ्कहरु

- *https://bipadportal.gov.np*
- *http://www.drrportal.gov.np*
- *https://vms.ndrrma.gov.np*
- *https://www.dhm.gov.np*

विपद्का सूचना र सन्देशका लागि
www.facebook.com/NDRRMA
www.twitter.com/NDRRMA_Nepal
www.youtube.com/c/NDRRMA
विपद् सूचना (NDRRMA)

मितिः २०८२ साउन १३ गते

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाण्डौं